मधेश प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

जनकपुरधाम, धनुषा, नेपाल

(कर्मचारी प्रशासन शाखा)

फोन नं.+९७७०४१-५२३१३३, ५२५३३८,५२५७३३
फ्याक्स नं.+९७७०४१-५२७१०१
टोल फ्रि नं.१६६०४१५२८४३

मितिः २०७९।११।०४

पत्र संख्याःक.प्र.।२०७९।०८०
च.नं.: ३०२०

**विषयः- कार्यान्वयन गर्नुहुन ।**

श्री प्रदेश सभा सचिवालय,मधेश प्रदेश ,जनकपुरधाम ।
श्री मन्त्रालय (सबै), मधेश प्रदेश, जनकपुरधाम ।
श्री प्रदेश लोकसेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम ।

मिति २०७९।११।०३ गते मधेश प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री सरोज कुमार यादवज्यूको विशेष समुपस्थितिमा मा. मुख्यमन्त्री स्वयंम र प्रदेश सरकारका प्रमुख सचिव श्री कृष्ण वहादुर राउतज्यूले प्रदेश सचिवज्यूहरुसँग भएको छलफल पश्चात संयुक्त रुपमा देहाय बमोजिम निर्देशन दिनु भएकोले आफूसँग सम्बन्धित निर्देशनहरु कार्यान्वयनका लागि ताहाँ पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

१. प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७९ अनुसार आ-आफ्नो निकायको क्षेत्राधिकार भित्र परी निर्माण हुन बाँकी नीति ऐन र संशोधन गर्नुपर्ने कानूनहरुको विवरण तयार गरी सात दिन भित्र मुख्य न्यायाधिवक्ताको कार्यालयमा पठाउने।

२. प्रदेश सरकार मन्त्रिपरिषदको निर्णयानुसार सुशासन प्रवर्द्धनको लागि सुझाव पेश गर्न गठित उच्चस्तरिय समितिले माननीय मुख्यमन्त्रीज्यू समक्ष प्रतिवेदन पेश गरेकोले प्रतिवेदनमा उल्लेख भए अनुसार आ-आफ्नो निकायसँग सम्बन्धित सुझावहरु कार्यान्वयन कार्ययोजना १५ दिनभित्र निर्माण गर्ने।

३. आ- आफ्नो निकाय र मातहतमा चालु अवस्थामा रहेका आवश्यकता भन्दा वढी प्रयोगमा रहेका चारपाङ्ग्रे सवारी साधनहरु यथाशिघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा हस्तान्तरण गर्ने।

४. मधेश भवन परिसर भित्र रहेका माननीय मुख्यमन्त्री, माननीय मन्त्री र राज्यमन्त्रीज्यू र कर्मचारीहरुको आवास व्यवस्थापन, प्रयोग, मर्मत संभार र वितरणको लागी भौतिक पूर्वाधार विकास मन्त्रालयले यथाशिघ्र कार्यविधि/ मापदण्ड तर्जुमा गर्ने।

५. कानूनले तोकेको पदाधिकारीलाई मात्र सवारी साधन उपलब्ध गराउने गरी अर्थ मन्त्रालयले प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ लाई समय सापेक्ष संशोधनको प्रकृया अघि वढाउने।

६. प्रदेश जनलोकपाल ऐन, २०७७ वमोजिम सरकारी सेवा र सुविधालाई प्रभावकारी वनाउन प्रमुख सचिवको संयोजकत्वमा प्रदेश अनुगमन समिति र सो समितिलाई सहयोग पुर्याउन सम्वन्धित मन्त्रालयको सचिवको संयोजकत्वमा उपसमिति गठन भई उपसमितिको TOR समेत स्वीकृत भैसकेकोले सो अनुसार प्रभावकारी रुपमा अनुगमन गर्ने गराउने।

७. आफु र मातहतका कार्यालयमा कार्यरत रही एउटै कार्यालयमा २ बर्ष सेवा अवधी पुरा गरेका (२०७९ चैत मसान्तसम्म पुग्ने समेत) सबै सेवा समुह र तहका कर्मचारीहरुको विवरण तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको Email:- ocmcm@p2.gov.np मा पठाउने।

८. लेखापरीक्षणको सिलसिलामा म.ले.प. डोर हाल यस प्रदेशमा रहेकोले आफ्नो निकाय र अन्तर्गतका कार्यालयहरुका वेरुजुहरु फर्छ्यौट तथा सम्परीक्षण गर्ने तथा लगत तयार गरी पठाउने कार्य यथाशिघ्र प्रारम्भ गरी फाल्गुन मसान्त सम्म सक्ने।

९. आफु र मातहतका निकायको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण कानून अनुसार प्रकृया पुरा गरी स्वीकृतिका लागि पठाउने।

१०. अधुरा आयोजनाहरु पुरा गर्ने, समय नाघेका र रुग्ण आयोजनाहरुको विवरण तयार गर्ने तथा कानून अनुसार आयोजनाहरुको निर्माण स्थलमा ठेक्काको विवरण अनिवार्य रुपमा राख्न लगाउने र सोको जानकारी आगामी बैठकमा गराउने।

… कार्यान्वयन हुन नसक्ने प्रकृतिका कार्यक्रमको विवरण तयार गरी अर्थ मन्त्रालयमा पठाउने।

मधेश प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
## जनकपुरधाम, धनुषा, नेपाल
(कर्मचारी प्रशासन शाखा)

फोन नं.+९७७०४१-५२३१३३, ५२५३३८, ५२५७३३
फ्याक्स नं.+९७७०४१-५२७१०१
टोल फ्रि नं.१६६०४१५२८४३

१२. कानून मस्यौदा समितिको वैठक नियमित वसी छलफल गर्ने तथा प्रगती जानकारी गराउने । नियमानुसार राजपत्रमा प्रकाशन गर्नुपर्ने कुराहरु यथाशिघ्र राजपत्रमा प्रकाशन गर्ने ।

१३. चालु आ.व.मा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, जनकपुरधाम र प्रदेश जनस्वास्थ्य प्रयोगशाला, मधेश प्रदेश, जनकपुरधामबाट खरिद गरेका सामानहरुको विवरण सामाजिक विकास मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा १५ दिनभित्र पेश गर्ने ।

१४. भौतिक पूर्वाधार विकास मन्त्रालयले ध्वनी प्रदुषण नियन्त्रण यन्त्र तुरुन्त उपयोगमा ल्याउने ।

२०८१।१।१७

(मेख वहादुर मंग्राती)
प्रदेश सचिव

**सादर अवगतार्थ**

श्री मा. मुख्यमन्त्रीज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश ।

श्री प्रमुख सचिवज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरषद्को कार्यालय, मधेश प्रदेश ।

**बोधार्थ**

श्री मुख्य न्यायाधिवक्ताज्यू,
मुख्य न्यायाधिवक्ताको कार्यालय, जनकपुरधाम ।